# नेकपा 'एस' लाई हामीले पार्टीको मान्यता दिएका छैनौँ, त्यो पार्टी हैन : दंगाल

**नेपाल कम्युनिष्ट पार्टी एमाले विभाजनपछि खोटाङ एमाले हाँक्ने जिम्मा रामप्रसाद दंगालले पाउनुभएको छ । पार्टी अध्यक्ष दंगालले अबको एमालेलाई कसरी अघि बढाउनुहुन्छ, एमालेले प्रतिपक्षसँग कस्तो टक्कर गर्न सक्छ, अबको एमालेका भावी योजना के–के छन् ? लगायतका यावत् विषयमा हिमालय टाइम्स खोटाङका संवाददाता चिसाङ शेर्पाले अध्यक्ष रामप्रसाद दंगालसँग गर्नुभएको संक्षिप्त कुराकानी :**




**फुटपछि तपाईंको नेतृत्वमा एमाले आएको छ, पार्टी कस्तो बन्छ ?**

नेकपा बन्दा पनि तत्कालीन नेकपा एमालेका तर्फबाट मैले नेतृत्व गरेको थिएँ । नेकपा हुँदा पार्टीलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर हामी लागिरहेका थियौँ । जब अदालतको फैसला आयो पार्टी एमाले र माओवादी अलग भइसकेपछि त्यसबेला पनि नेतृत्वमै थियो र अहिले पनि नेकपा एमालेको नेतृत्व गरिरहेका सन्दर्भमा हिजो एमालेले जिल्लामा बहुमत स्थानीय तह, संघ र प्रदेश जितेको थियो । एमालेका सांगठनिक गतिविधिहरू रोकिएका थिए एकताको प्रक्रियापछि, एकताका कारण कतिपय मिलाउने कामहरू बाँकी थिए ।

यो बीचमा हामीले गाउँ/नगर अधिवेशन सम्पन्न गर्‍यौं, जुन सर्वसहमत भएको थियो । १० औँ राष्ट्रिय महाधिवेशन सकिएको छ । राष्ट्रिय महाधिवेशनले एमाले मुलुकको सबैभन्दा ठूलो शक्ति हो भन्ने कुराको सन्देश दिएको छ । अब हामी पार्टीलाई थप व्यवस्थित गर्दै आउने निर्वाचनमा केन्द्रित भएका छौँ । स्थानीय निर्वाचनमा एमालेलाई खोटाङका दशैवटा पालिकामा जिताउने, प्रदेश र संघमा जिताउने अभियानमा लागिरहेका छौँ ।

**नेकपा एमालेको फुटले जिल्लामा कस्तो असर गर्‍यो ?**

नेकपा एमालेको जीवनमा यस्ता टुटफुटहरू भइरहेका छन् । जब–जब नेकपा एमाले बलियो हुन्छ, एमालेलाई कसरी कमजोर बनाउन सकिन्छ भनेर देशीविदेशी शक्तिहरू लागिरहेका हुन्छन् । एमालेलाई २०५४ सालमा विभाजन गरेर सिध्याउने प्रयत्न भयो तर एमाले समाप्त भएन ।

त्यो बेला (२०५४ सालमा) एमालेको जीवनमा पाँच रेक्टर स्केलको भूकम्प गएको थियो । त्यसले एकादुई इँटाबाहेक केही झारेन । अहिलेको यो विभाजन हैन, यसलाई विभाजन भन्न मिल्दैन, केही साथीहरूले एमाले परित्याग गरेर नयाँ पार्टी बनाउनुभएको छ । यो एक रेक्टर स्केलको भूकम्प पनि हैन, यसले केही धुलोबाहेक केही झारेन । र, हिजोभन्दा एमाले अरू थप बलियो भएको छ ।

एमाले र माओवादी केन्द्र एकीकृत भएर बनेको नेकपाकै स्वरूप यो हो । र, अहिले पनि माओवादी केन्द्रबाट एमालेमा प्रदेश, जिल्ला र स्थानीय तहका अधिकांश नेता कार्यकर्ता हुनुहुन्छ । नेकपा माओवादीबाट जितेका जनप्रतिनिधि पनि यो पार्टीमा हुनुहुन्छ । त्यसकारण नेता तहमा माओवादी केन्द्रका ६० प्रतिशत नेताहरू एमालेमा हुनुहुन्छ । कार्यकर्ता तहमा पुग्दा त्यो ८०/९० को स्थितिमा छ ।

अब हामी तुरुन्तै एमालेमा अन्य पार्टीका नेता कार्यकर्तालाई सामेल गराउने अभियानमा लागिरहेका छौँ । एमालेमा आउन चाहने नेपाली कांग्रेस, नेकपा माओवादी र जनता समाजवादी पार्टीका नेता, कार्यकर्ता यो बीचमा सामेल गरेका छौँ । पार्टीले कार्यदल बनाएर काम गरिरहेको छ । यसलाई अझ घनिभूत हिसाबले एमालेमा सामेल गर्दै खोटाङमा एमालेलाई सबै राजनीतिक शक्ति एकातिर र एमालेमात्र एकातिर हुँदा पनि अरूको भन्दा सय केजी बढी ओजन हुने गरी एमालेलाई अघि बढाउने दिशामा हामी निरन्तर लागिरहेका छौँ ।

**भनेपछि फुटले असर गरेको छैन ?**

फुटको कुनै असर नै छैन । फुट हैन, जुट भएको छ । हाम्रोमा चाहिँ एकता भएको छ । माओवादी र एमालेबीचको जुन हिजोको नेकपाको एकता थियो । त्यसैको निरन्तरता हो यो अहिलेको नेकपा एमाले ।

**अब जिल्लामा नेकपा एससँग एमालेको सहकार्य हुन सक्छ ?**

अहिले सहकार्य हुँदैन । हामीले त्यसलाई पार्टीको मान्यता दिएका छैनौं । त्यो पार्टी हैन, त्यो चाहिँ विधि नियमहरू छलेर सत्ता गठबन्धन गर्नका निम्ति र अदालतको परमादेश जारी गर्न, जनमतबाट प्राप्त भएको जनादेशबाट प्राप्त भएको नेकपा एमालेको सरकारलाई विभाजन गर्न, अध्यादेश ल्याएर, त्यो पनि अनेकन् तिकडमहरू अपनाएर । अहिले पनि संसद्मा अवरोध कायम छ ।

जुन पार्टी गठन भएको माधवकुमार नेपालको नेतृत्वमा त्यो पार्टी अवैधानिक छ । त्यसकारण त्यो पार्टीसँग हाम्रो कुनै सहकार्य, सहमति, वार्ता हुँदैन र त्यसलाई हामी पार्टीको मान्यता दिँदैनौँ ।

**बेथिति, भ्रष्टाचार, विकास निर्माण ढिलाइमा एमाले किन चुपचाप बस्छ ?**

एमाले कसरी चुप बसेको छ । नेकपा एमाले भ्रष्टाचारविरोधी, बेथितिविरोधी पार्टी हो । त्यसकारण अहिले सरकारले गरेका बेथितिहरू छन् । त्यसका विरुद्ध एमाले सशक्त ढंगले बोल्छ ।

हिजोको सरकारले अघि सारेका जनप्रिय कामहरू यो सरकारले कटौती गरेको छ । गाउँपालिकाका केन्द्रसम्म जाने सडकहरूका लागि हिजो नेकपा एमालेले लोकप्रिय बजेट ल्याएको थियो । त्यो बजेट यो सरकारले कटौती गरेको छ । विकासविरोधी चरित्र यो सरकारले देखाइरहेको छ ।

कतिपय मन्त्रालयहरू विभाजन गरेर भागबण्डा पुर्‍याउने, काले–काले मिलेर खाऊँ भाले भनेजस्तो गरेका छन् अदालतलाई प्रयोग गरेर । आजसम्म दुनियाँको इतिहासमा जनता र संसद्बाट सरकार बन्छ तर हाम्रो देशमा अदालतबाट सरकार गठन गरिएको छ । त्यसकारण सबै बेथितिका विरुद्ध, जे जति बेथिति भएका छन् ती सबैको हामी विरोध गर्छौं । म माग गर्न चाहन्छु सरकारलाई 'भ्रष्टाचार, अनियमितता भएका छन् सरकारले तत्काल कारबाही गरोस्, गर्दैन भने नेकपा एमाले बेथितिका विरुद्ध अघि बढ्छ ।'

**स्थानीय निर्वाचन नजिकिँदै छ । एमाले जिल्लामा कुन स्थानमा रहला ?**

नेकपा एमाले पहिलो स्थानमा छँदैछ । मैले अघि भनेँ स्थानीय तहको निर्वाचनमा हामी दशैवटा पालिकाका सबै वडा 'क्लिन स्वीप' गर्छौं । कहीँ पनि प्रतिपक्ष हुने छैनौँ । र, प्रत्येक दशवटा स्थानीय तहका सम्पूर्ण ७९ वडामा नेकपा एमालेले आफ्नो झण्डा फहराउँछ । हामी यसमा एकदम विश्वस्त छौँ, त्यो जनमत हामीसँग छ । त्यो हिसाबले हामी अघि बढिरहेका छौँ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस फर्म/कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

**तपसिल**

| सि.नं. | विवरण | प्रकारहरू | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाइ | प्रति इकाइको मूल्य (NRS) | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 7 Series | PLUG IN HYBRID (Electric+ Petrol) | BMW | 745 LE xDrive | 2998 CC | GERMANY | 1 | 47,996,000/- | 47,996,000/- |

**Laxmi Premium Motors Pvt. Ltd.** (an entity of Laxmi Group Nepal) Naxal, Kathmandu **Tel.:** 01-4533674, 4533780 **Vat No.: 602425142**

## कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सुचना

**यस कम्पनीको मिति २०७८।०७।२९ मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम जुक व्यूटी कम्पनी प्रा. लि. (Zouk Beauty Company Pvt. Ltd.) कम्पनीबाट कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७८।०८।०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गर्न स्वीकृत भएको हुँदा साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम जुक व्यूटी कम्पनी प्रा. लि. (Zoukk Beauty Company Pvt. Ltd.) कायम भएको हुँदा सम्बन्धित सबैलाई जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय

## कृषि सूचना तथा प्रशिक्षण केन्द्र

हरिहरभवन, ललितपुर

### कृषि तथा पशुपन्छी डायरी र कृषि बिकास जर्नल छपाई सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हान

दरभाउपत्र सूचना नं.:AITC/2078/79#3
सूचना प्रकासन भएको मितिः२०७८/०८/२६

१. यस केन्द्रको लागि आ.ब. २०७८/७९ मा आवश्यक पर्ने कृषि तथा पशुपन्छी डायरी र कृषि जर्नल छपाईसम्बन्धी कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुलाई यो सूचना जारी गरिएको छ। इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रमा सम्पर्क गरी वा माथी उल्लेखित फोन वा ईमेल मार्फत दरभाउपत्र सम्वन्धि आवश्यक जानकारी लिन सकिने छ।
२. इच्छुक फर्म वा कम्पनीहरुले यस केन्द्रको राजस्व खातामा (खाता नं.: ००१०१००००००००१००१००१ नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुर, कार्यालयको नाम- कृषि सूचना तथा प्रशिक्षण केन्द्र, राजस्व शीर्षक: १४२२९, कार्यालय कोड: ३१२००३४०२) रु.१००० दस्तुर जम्मा गरि उक्त भौचर यस केन्द्रमा पेश गरी सिलबन्दी दरभाउपत्र फाराम सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७८।०९।११) भित्र खरिद गर्न सकिने छ। साथै दरभाउपत्र फाराम खरिदको लागि नियमानुसारको नबिकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको खण्डमा सोको नोटरी पब्लिकबाट प्रमाणित गराई प्रतिलिपि समेत यस केन्द्रमा पेश गर्नु पर्नेछ।
३. सूचना प्रकाशित भएको मितिले सोह्रौ दिन (२०७८।०९।१२) मध्यान्ह १२.०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा अनिवार्य दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको १२.३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमाखोलिने छ ।दरभाउपत्रदाता वा निजको प्रतिनिधि नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। रित नपुगेको र म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।
४. दरभाउपत्रको म्याद दरभाउपत्र खोलेको मितिले ३५ दिनको हुनेछ।
५. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम दिन दरभाउपत्र दर्ता गराउने दिन तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।
६. दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूर्तिकर्ताले स्वीकार गर्नुपर्नेछ र केन्द्रको आवश्यकता अनुसार खरिद गरिनेछ।
७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहनेछ ।
८. केन्द्रको स्विकृत कार्यक्रम अनुसार फरक फरक कार्यक्रमहरु छुट्टाछुट्टै प्याकेजमा वर्गिकरण गरी दरभाउ पत्र आह्वान गरिएको छ।दरभाउपत्रदाताहरुले एक वा सवै प्याकेजहरुमा भाग लिन सकिने छ। दरभाउपत्रहरुको मुल्याङ्कन प्याकेज अनुसार छुट्टाछुट्टै गरिने छ।
९. दरभाउपत्रका साथ मान्यता प्राप्त वाणिज्य बैंकबाट यस केन्द्रको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा ७५ दिनम्याद भएको बैंक ग्यारेण्टी (दरभाउपत्र जमानत) सक्कलै प्रतिसंलग्न गरी पेश गर्नुपर्नेछ।प्याकेजहरुको विवरण र प्याकेज अनुसारको दरभाउपत्र जमानत रकम तल लेखिए बमोजिम हुनेछ। दरभाउपत्र जमानत प्याकेज अनुसार छुट्टाछुट्टै वा एकमुष्ट रुपमा पेश गर्न सकिने छ।

| प्याकेज | दरभाउपत्र जमानत रकम रु. |
|---|---|
| प्याकेज १ कृषि तथा पशुपन्छी डायरी | रु. ३५,००० |
| प्याकेज २ कृषि बिकास जर्नल | रु. १०,००० |

१०. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन ,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

## कटारी नगरपालिका कार्यालय

कटारी, उदयपुर

### विद्युतीय माध्यम वाट दरभाउपत्र आह्वान सूचना

( (प्रथम पटक प्रकाशित मिति :- २०७८/०८/२६)

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको योजनाको लागि विभिन्न सामग्रीहरु खरिद तथा आपुर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म कम्पनीले दरभाउपत्र पाइने स्थान र विडवोण्ड पेश गर्ने खोल्ने स्थान तगायका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाइड www.katarimun.gov.np र सुचनापेटीमा साथै यस सम्बन्धि सुचना सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website : www.ppmo.gov.np मार्फत हेर्न सकिने र दरभाउ पत्र सम्वन्धि कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यम वाट दरभाउपत्र आह्वान गरिएको छ ।

दरभाउपत्र सम्वन्धी खरिद तथा आपूर्ति कार्यको विवरण

| सि. नं. | दरभाउ पत्र नं. | कार्यको विवरण | लगत अनुमान रकम (कन्टेन्जेन्सी र भ्याट वाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | 02/Uda/ Katarimun/078-079 | Invitation for Sealed Quotation for the procurement of Supply of steel parts and fixtures of Kharibot Jyamire Bridge katari-10 | 685833.86 | 20000/- | 1000/- |
| 2 | 03/Uda/ Katarimun/078-079 | Invitation for Sealed Quotation for the procurement of Supply of Steel Parts in Khasibas suspension Bridge katari-1 | 1568805.44 | 50000/- | 1000/- |

कटारी नगरपालिका कार्याल
कटारी ,उदयपुर

## Jhimruk Rural municipality

**Office of the Rural Municipal Executive**
**Bhyagute, Pyuthan**
**Lumbini Province, Nepal**

### Invitation for Bids for the Procurement of Domestic Animal Medicine Items

IFB No. JRM/SQ/GOODS/04/2078/079
Date of publication: 2078/08/26 (A.D.2021/12/12)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the *Procurement of Domestic Animal Medicine Items* under Electronic Sealed Quotation Bidding procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | JRM/SQ/GOODS/04/2078/079 | *Procurement of Domestic Animal Items*(Medicine) | **689968.67** | **17500** | **1000** | **Vat Free items** |
| | JRM/SQ/GOODS/04/2078/079 | *Procurement of DomesticAnimal Items(Surgical)* | **8815** | | | **Without Vat** |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, mail address jhimrukmun@gmail.com mobile number 9866272250***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must purchase the bidding documents as mentioned above or within office hour from **2078/07/15 (A.D.2021/11/01)** from PPMO's Web Site https://bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of Three thousands of bidding document in the Office of the Rural Municipal Executive Jhimruk's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids
Name of the Bank: Citizens Bank International Ltd Jhimruk Branch
Name of Office: ***Jhimruk Rural Municipality***
Dharuti Account no.: 0750100000136201
Rajaswa (revenue) no. : 0750100000001202
4. Bidders must submit their bid on or before 12:00 hrs on 2078/09/12 **(A.D.2021/12/27)** electronic through E-procurement section of PPMO's website www.bolpatra.gov.np/egp as specified in the Instruction to bidders. Documents received after deadline will not be accepted .
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2078/09/12 **(A.D.2021/12/27)** at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan. Bid security must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid. if Bidder's representative is/are not present at bid opening time,opening of bid shall not postpond.
6. If the last date of purchasing, submission and opening on a government holiday, then the next working day shall be considered as the last date.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

**Chief Administrative officer**